# नेपाल गजेट
## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग ४ गते २०१६ साल

श्री ५ को सरकार

रक्षा मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको शाही सैनिक नयां भर्ना नियमहरू, २०१६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

शाही सैनाका अफिसर, जवानको नयां भर्ना लिने तरीका तथा नियमलाई नियमित तथा व्यावहारिक बनाउनु वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ११ र दफा १२ को तात्पर्य पूरा गर्ने उद्देश्यले श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "शाही सैनिक नयां भर्ना नियमहरू, २०१६" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरुमा–

(क) "अफिसर जवान" भन्नाले सैनिक ऐन, २०१६ लागू हुने जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले सैनिक ऐन, २०१६ सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "अनुसूची" भन्नाले यी नियमहरूको अनुसूची सम्झनु पर्छ।

३. **छनौट तथा भर्ना समितिः–** शाही सेनामा भर्ना हुन चाहने जवानहरूलाई छानबिन तथा नियुक्ति गर्न निम्न लेखिए बमोजिमको एक बोर्ड गठन हुनेछ र योग्य उम्मेदवारहरूलाई सोही बोर्डले नियुक्ति गर्नेछ।

| | |
|---|---|
| (१) एडजुटेंट जनरलले खटाएको अफिसर— | अध्यक्ष |
| (२) नयां भर्ना लिन नियुक्त गरिएको अफिसर— | सदस्य |
| (३) युनिट, सब–युनिट वा ट्रेंनिंग सेंटरका अफिसर कमांडिंग– | सदस्य |
| (४) मेडिकल अफिसर— | सदस्य |
| (५) जङ्गी किताबखानाका हाकिम वा प्रतिनिधि– | सदस्य–सचिव |

४. **योग्यताः–** शाही सेनामा भर्ना हुन चाहने अफिसर जवानहरू देहाय बमोजिम योग्यता पुगेको हुनुपर्छ।

(क) नेपाली नागरिक,

(ख) भर्ना हुने वर्षको वैशाख १ गते १८ वर्ष पुगेको तर २५ वर्ष ननाघेको (विदेशी सेनामा नोकरी गरी बात कसूर नलागी छाडी आएका भए सक्कल प्रमाणपत्रको आधारमा ३५ वर्ष ननाघेको नेपाली नागरिकलाई पनि लिन सकिनेछ),

(ग) अस्पताल जांचबाट योग्य ठहरिएको, र

(घ) कुनै पनि राजनीतिमा नलागेको।

५. **भर्ना झिकी नियुक्ति गर्ने अफिसरहरुः–** ऐनको दफा ११ र दफा १३ को तात्पर्यको लागि देहायका अफिसरहरू भर्ना र नियुक्ति अफिसरहरू हुनेछन्।

(क) युनिट, सब–युनिट वा ट्रेंनिंग सेण्टरका अफिसर कम्याण्डिङ्ग।

(ख) रिक्रुट झिक्न नियुक्ति भएका अफिसर वा उपशापक अफिसर, र

(ग) एडजुटेण्ट जनरलले खटाएको अफिसरहरू।

६. **रिक्रुट झिक्ने तरीकाः–** रिक्रुट झिक्दा रिक्रुट झिक्नेले देहायको तरीका अपनाउनु पर्दछ।

(क) नयां रिक्रुटहरू भर्ना गर्दा गैर खालि भएको बात लागी भर्ना हुन आएकोमा भर्ना नगर्ने त्यस्ता व्यक्तिले झुक्याई भर्ना भएमा भर्ना भएको मितिले ऐन बमोजिम कैदको सजायको भागी हुनेछ।

(ख) भर्ना झिकिएका रिक्रुटहरू अस्पताल जांच गराउंदा सरकारी अस्पताल भएको ठाउंमा अस्पताल जांचबाट ठीक ठहरेमा र सो नभई डाक्टर मात्र भएको ठाउँमा डाक्टर एक, मिलिटरी अफिसर एक र गोस्वाराको प्रतिनिधि एकसमेतको बोर्डबाट ठीक ठहरेमा र डाक्टर पनि नभएको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ठाउंमा मिलिटरी अफिसर कम्तीमा २ जना र जिल्ला गोस्वाराका प्रतिनिधि एक समेत रही तन्दुरुस्तीका बुंदा तयार पारी जांची ठीक ठहरेमा मात्र भर्ना झिक्ने ।

(ग) भर्ना हुन आउने जवानको घरद्वार, नाम, जात र वतन ठीक छ भन्ने चिन्ने मानिस सरकारिया जागिरदार जंगीतर्फ भए सुबेदार जमदार वा अफिसर निजामतीमा गजेटेड् अफिसर भए १ जना र त्यसदेखि मुनि जङ्गीका र निजामतीका नन्‌गजेटेड् तृतीय श्रेणीका भए २ जना मानिस जमानी लिई मात्र भर्ना सदर गर्ने । साक्षी बस्ने जवान बहाल रहेको प्रमाणको निमित्त जङ्गीतर्फ अफिसरको परिचय-पत्र र सोभन्दा मुनिकोलाई पे-बूक र निजामतीतर्फ भए आफू बहाल रहेको अड्डाको निस्सा लिई साक्षीको सहिछाप गराउने ।

(घ) भर्ना हुन आउने मानिसको साक्षी बस्ने केही कारणबाट झुट्ठा ठहर हुन आएमा ऐन सवाल बमोजिम सजायको भागी हुनेछ ।

(ङ) नयां भर्ना भएका रिक्रुटहरूलाई अस्पताल जांचबाट पास भएपछि साक्षी ल्याउन ७ दिनको म्याद दिने र सो म्याद दिंदा महीना अगावै हुने गरी मिलाई मात्र रिक्रुट झिक्ने गर्ने र सो म्यादभित्र साक्षी ल्याउन नसकेमा र पछि मात्र ल्याएमा त्यस्तालाई अर्को महीनामा मात्र भर्ना सदर गर्ने ।

(च) नयां रिक्रुटहरू भर्ना झिक्दा १८ वर्षदेखि २५ वर्षसम्मका र नेपाली नागरिकहरू विदेशी पल्टन जागिरे भई आएका जवान भाहिने प्रमाणपत्र हेरी खत बात नलागेको रहेछ भने ३५ वर्ष ननाघेको त्यस्तो व्यक्तिलाई पनि भर्ना लिने ।

(छ) नयां रिक्रुटहरू झिक्दा देहाय बमोजिमको उचाइ र छातीको घेराको चौडाइ ३२ इञ्चीदेखि मुनिकोलाई नझिक्ने ।

| युनिट | फुट | इञ्च |
|---|---|---|
| १. श्रीकाली बहादुर | ५ | ३॥ |
| २. श्रीगोरख बहादुर | ५ | ४ |
| ३. श्रीफष्टराइफल | ५ | ५ |
| ४. श्रीमाउण्टन व्याट्री | ५ | ५ |
| ५. श्रीमहीन्द्रदल | ५ | ४ |
| ६. बाँकी सब | ५ | ३ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. कालिगड र कम्व्याटचाण्ट, नायक र एस.एल.सी. वा सो सरह पास भएको नायक क्लर्कलाई इञ्च फुट नहाल्ने ।

(ज) उचाइ र चौडाइ भर्ना झिक्ने अफिसरले नै हाल्ने ।

७. भर्ना सदर गर्नेः– नियम ७ को (क), (ख) र (ग) बमोजिम भर्ना झिक्न अधिकार पाएका अफिसरहरूले रूल नियम बमोजिम भर्ना झिकी क. कि. बाट प्राप्त भएको सिटरोलमा र अनुसूचीमा दिइएको ढांचा बमोजिमको शर्तको फाराममा समेत सहिछाप गराई धर्म भकाई उक्त कागजपत्रहरू क.कि. खानामा किताब दर्ता गर्न पठाइनेछ र क.कि. खानाले उक्त कागजपत्रहरू रूल नियम बमोजिम ठीक छ छैन जांची किताब दर्ता गर्नेछ । भर्ना हुने जवानको घर थर वतनमा फरक परेमा एक पटक फेरि बुझी फरक पर्न आएमा बर्खास्ती गर्ना निमित्त माथिको तहमा जनाउ दिनेछ । मामूली छुटपुट मात्र भई नमिलेमा फिर्ता पठाई रूल नियम बमोजिम गर्न लाउनेछ । सिटरोल र शर्तको फाराम क.कि. खानामा पठाउंदा उपत्यकाले ७ दिनभित्र र उपत्यका बाहिरकाले बाटो म्याद बाहेक ७ दिनभित्र पठाउनु पर्छ र क.कि.खानाले नियुक्ति भएको जनाउ दिनेछ ।

८. भर्ना हुन नपाउने भर्ना भएमा गर्नेः– नियम ६ को खण्ड (क) बमोजिम मानिसहरूले झुक्याई भर्ना भै युनिट, सब–युनिटमा गएका रहेछन् र त्यस्ता व्यक्तिलाई भर्ना भएको युनिट, सब–युनिटका कुनै व्यक्तिले थाहा पाइकन पनि रिपोर्ट नगरेमा त्यस्ता व्यक्ति ऐन बमोजिम सजायको भागी हुनेछन् ।

९. भर्ना बदर हुनेः– (क) शाही सेनामा भर्ना भैसकेपछि भर्ना भएको व्यक्ति नेपाली नगारिक नभएको र राजनीतिमा लागेको भनी पछि ठहरिन आएमा जुनसुकै बखत पनि निजको भर्ना बदर हुनेछ ।

(ख) शाही सेनामा भर्ना गरिएका रिक्रुटहरूलाई १ एक वर्षसम्म रिक्रुट ट्रेनिंग गराउंदा पनि नियमित स्तरमा पास हुन नसक्ने रिक्रुटहरूलाई खारिज गरिनेछ ।

## अनुसूची

### पुनः संशोधित नोकरीको कबूलनामा (शर्त) शाही सेना

म, युनिट... नं. दर्जा नाम थर वतनले देहायमा लेखिएको पुनः संशोधित कबूलनामा (शर्त) आफ्नो मनोमानी खुशी राजीले सकार गर्दछुः–

१. श्री ५ महाराजाधिराजबाट बक्सेको जागिरखाई ठेकी बक्सेका पल्टनमा सैनिक ऐन बमोजिम दस्तूर काइदासंग रही उर्दी कवायद गरुंला ।

२. मुलुक सम्बन्धित लडाइंको काम र केही आन्दोलन परिआएमा आफ्नो जन्मभूमि सम्झी तन मन दिई हुकुमबक्से बमोजिम हाजिर रही ज्यान दिनमा कबल छ । सो बमोजिम गरुंला ।

३५४ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. श्री ५ महाराजाधिराजका हुकुम बमोजिम जुन बेला जहां खटियुंला खटिएका जग्गामा गई हुकुम बमोजिम दिलोज्यान दिई गरुंला ।

४. श्री ५ महाराजाधिराजका गाथ गादिको सोझो गरुंला, कसैले गाथ गादिमा खलल गर्ने मतलब गर्न लागेको देखे सुने मतलब गर्ने मानिसलाई पक्री र पक्रन नसके सो सुनेको तुरुन्तै जाहेर गरुंला गाथ गादिमा खलल गरेको भए त्यस्तालाई भरसक पक्री दाखिल गरुंला पक्रन नसके आफ्नो ज्यान रगत भिजाइकन पनि त्यस्तो हुल्याहालाई मारी, निमकको सोझो गरुंला ।

५. नोकरी बक्सी कबूल गरेपछि नोकरी पाएका मितिले १० वर्ष नपुगी नोकरी छाड्नेछैन । सो म्याद पुगी छाडी जानेहरूले ठूलो सन्धिसर्पन परेमा जाहेर गरी छाड्न पाए पनि त्यस्ता जवानहरूले समेत पछि उर्दीभएमा नोकरीमा बस्न पाउने उमेरको हदसम्मका जवानहरूले उर्दी भएका बखतमा हाजिर हुन आउने छौं ।

६. भर्ना भएको मितिले १२ महीना नपुगी घर बिदा पनि लिने छैन ।

मेरो उपस्थितिमा सहिछाप भयो भनी दस्तखत गर्नेः सहिछाप गर्ने..........

मेजर वा कप्तान

ओ.सी. कम्पनी युनिट

धर्म भाकी शपथ ग्रहण

निसानः छुवाउने

युनिट नं. नाम शपथग्रहण गर्ने सेरिमोनियल परेड गते सालमा भएको बेलामा सो धर्म भाकी सहिछाप गर्ने

ओ.सी. ले.क. वा मेजर

युनिट कमाण्डर

आज्ञाले-

(मे. ज. पद्मबहादुर खत्री)

श्री ५ को सरकारको सचिव,

रक्षा मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## रक्षा मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको "सैनिक भर्ना विशेष व्यवस्था (संशोधन) नियमहरू, २०१९ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।"

सैनिक भर्ना (विशेष व्यवस्था) नियमहरू, २०१६ (यस पछि मूल नियम भनिएको) मा संशोधन गर्नु वान्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार र त्यस सम्बन्धमा प्राप्त अरू सबै अधिकारको प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "सैनिक भर्ना (विशेष व्यवस्था) (संशोधन) नियमहरू, २०१९" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन्।

२. मूल नियमको नियम २ मा संशोधन :– मूल नियमको नियम २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ।

(ग) जे. सि. ओ. र अरू दर्जाका निमित्त ४० वर्ष उमेर ननाघेको उमेरको निमित्त डिस्चार्ज सर्टिफिकेट प्रमाण मानिने छ।

र,

३. मूल नियमको नियम ४ मा संशोधनः– मूल नियमको नियम ४ को सट्टा देहायको नियम ४ राखिएकोछः–

(४) भर्ना लिने स्थानः–यी नियमहरू बमोजिम भर्नालिने प्रयोजनको निमित्त रा. अ. हे. क्वा. बाट नेपाल अधिराज्यमा ठाउं ठाउंमा एक वा एकभन्दा बढी भर्ना केन्द्रहरू खोलिनेछ। उक्त केन्द्र वा केन्द्रहरूमा भर्ना गरिएका जवानहरूलाई आवश्यकतानुसार एक ठाउंबाट अर्को ठाउँमा पठाउन सकिनेछ।

आज्ञाले–

मे. ज. पद्मबहादुर खत्री

श्री ५ को सरकारको सचिव,

रक्षा मन्त्रालय।

३८६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।